"स्वच्छ, सफा, समृद्ध, सुन्दर – महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty - Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
# Mahalaxmi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No.):
चलानी नं. (Reg. No.):

मिति - २०८१/१०/२ गते
ने.सं.११४५ पोहेलागा बुधबार

**आमा बावु विहिन बालबालिका संरक्षण कार्यक्रमको लागी आवेदन सम्बन्धि सूचना ।**

यस महालक्ष्मी नगरपालिकाको आ.ब.०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार आमा बावु विहिन बालबालिका संरक्षण कार्यक्रम अन्तर्गत आमा बावु दुवैको मृत्यु भएको वा दुवै बेपत्ता भएको वा दुबैको संरक्षण र रेखदेखबाट वञ्चित भइ अरुको संरक्षणमा रहेका १८ वर्ष उमेर पूरा नभएका बालबालिकाको शिक्षा, स्वास्थ्य र पोषणको सुनिश्चितता गरी सामाजिक संरक्षणका लागि भत्ता प्राप्त गर्न योग्य बालबालिका वा निजको संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले यस नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपशिलको कागजात सहित आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल -**

- जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि /नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि ।
- आमा र बावु दुवैको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि वा आमा बावु दुवै बेपत्ता भएको वा आमा बावु दुवैको संरक्षण र रेखदेखबाट वञ्चितिमा परेको सम्बन्धित वडाबाट भएको प्रमाणित पत्र ।
- विधालयमा भर्ना भइ नियमित विधालय जाने गरेको भनी विधालयले दिएको सिफारिस पत्र (५ वर्ष उमेर पूरा गरेका बालबालिकाको हकमा मात्र) ।
- संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

२०८१/१०/०२

**बोधार्थ -**

**श्री सबै वडा कार्यालय : सूचना टाँस तथा आवश्यक सहजीकरण गर्नुहुन ।**

फोन: ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
Email: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np